**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०८ जनवरी २०२६**
**समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)**

**मुख्य समाचार**

१. भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष तथा केन्द्रीय मन्त्री जे.पी. नड्डाले पश्चिम बंगालको दुई दिने भ्रमणमा पार्टीको राज्य इकाईको कोर कमिटीसँग बैठक गर्नु हुनेछ र धेरै जिल्लास्तरीय पार्टी नेताहरूसँग अन्तरक्रिया गर्नु हुनेछ।

२. वरिष्ठ भाजपा नेता दिलीप घोषले पश्चिम बंगाल एक महत्वपूर्ण मोडमा छ र राज्य बचाउन २०२६ सम्ममा परिवर्तन आवश्यक रहेको बताउनु भएको छ।

३. पश्चिम बंगाल विधानसभा चुनावको तयारीको लागि तृणमूल कांग्रेसका अखिल भारतीय महासचिव तथा डायमंड हार्बरका सांसद अभिषेक व्यानर्जीले नेतृत्व लिनु भएको छ।

४. भारतीय जनता पार्टीका केन्द्रीय राज्यमन्त्री डा. सुकान्त मजुमदारले बंगाल विधानसभा चुनावमा तृणमूल कांग्रेसलाई मेटाउने समय आएको बताउनु भएको छ।

५. सिलिगुडी महकुमाको खोरीबारीस्थित बुरागञ्जको द्वारबक्स क्षेत्रमा भएको दुर्घटनामा एकजना डाक्टरको मृत्यु भएको छ|

**नड्डा - पश्चिम बंगाल**

भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष जे.पी. नड्डा आजदेखि पश्चिम बंगालको दुई दिने भ्रमणमा आउनुहुनेछ। विधानसभा चुनावको तयारीका लागि आफ्नो भ्रमणको क्रममा, श्री नड्डाले पार्टीको राज्य इकाईको कोर कमिटीसँग बैठक गर्नु हुनेछ र धेरै जिल्लास्तरीय पार्टी नेताहरूसँग अन्तरक्रिया गर्नु हुनेछ। उहाँले भाजपा डाक्टर सेलका सदस्यहरूसँग पनि भेट्नु हुनेछ। आज धेरै संगठनात्मक बैठकहरू तय गरिएका छन्, जहाँ उहाँले भाजपा कार्यकर्ताहरूबाट ग्रासरुट जानकारी सङ्कलन गर्नुहुनेछ र आगामी चुनावको तयारीको समीक्षा गर्नुहुनेछ। श्री नड्डा भोलि आफ्नो मन्त्रालयसँग सम्बन्धित आधिकारिक बैठकहरूमा भाग लिनुहुनेछ।केन्द्रीय गृहमन्त्री अमित शाहले पनि गत महिना तीन दिनको लागि राज्यको भ्रमण गरेका थिए र पार्टीका अधिकारीहरूसँग धेरै महत्त्वपूर्ण बैठकहरू गरेका थिए।

**भाजपा नेता दिलीप घोष**

हिजो साँझ हाबरा जिल्लामा आयोजित भाजपाको "परिवर्तन संकल्प सभा" मा वरिष्ठ भाजपा नेता दिलीप घोष ध्यानले आफ्नो सम्बोधनमा भन्नु भयो, पश्चिम बंगाल आज एक महत्वपूर्ण मोडमा छ र राज्य बचाउन २०२६ सम्ममा परिवर्तन आवश्यक छ। उहाँले आरोप लगाउनु भयो, तृणमूल कांग्रेस सरकारको नीतिहरूले अवैध घुसपैठमा वृद्धि गरेको छ, जसले राज्यको सामाजिक-सांस्कृतिक पहिचानलाई खतरामा पारेको छ। श्री दिलीप घोषले भन्नु भयो, हाबरा र वरपरको क्षेत्र मुख्यतया १९४७ देखि १९७१ को बीचमा बंगलादेशबाट भागेका हिन्दू शरणार्थीहरूले बसोबास गर्छन्। उहाँले भन्नु भयो, हिन्दूहरूलाई भाग्न बाध्य पार्ने शक्तिहरू अब पश्चिम बंगालमा सक्रिय हुँदैछन्।भाजपा नेताले स्पष्ट रूपमा भन्नुभयो, घुसपैठ र यसको कथित राजनीतिक संरक्षण विरुद्ध निर्णायक लडाईंको समय आएको छ।ऱ्यालीको अन्त्यमा, श्री दिलीप घोषले जनतालाई एकताबद्ध हुन र २०२६ को विधानसभा चुनावमा सत्ता परिवर्तन ल्याउन संकल्प गर्न आह्वान गर्नु हुँदै भन्नु भयो, यो लडाई पश्चिम बंगाललाई सुरक्षित र समृद्ध बनाउन निर्णायक हुनेछ।

**सांसद अभिषेक व्यानर्जी**

पश्चिम बंगाल विधानसभा चुनावको तयारीको लागि, तृणमूल कांग्रेसका अखिल भारतीय महासचिव तथा डायमंड हार्बरका सांसद अभिषेक ब्यानर्जीले नेतृत्व लिनु भएको छ र आफ्नो ग्रासरुट अभियानलाई बढाउनु भएको छ। उहाँ "जोतोई कोरो हमला, अबर जितबे बंगला" (जतिसुकै आक्रमण गरे पनि, बंगालले फेरि जित्नेछ) अभियान अन्तर्गत उत्तरदेखि दक्षिण बंगालसम्मका जिल्लाहरूको निरन्तर भ्रमण गरिरहनु भएको छ।

**हिजो अभिषेक बनर्जी उत्तर दिनाजपुरको इटहर पुग्नु भयो। उहाँले रोड शो साथै जनतासँग प्रत्यक्ष अन्तरक्रिया पनि गर्नु भयो। अभियानको क्रममा, उहाँ तोकिएको प्रचार गाडी प्रयोग गर्नुको सट्टा आफ्नो गाडीको छतमा उभिएर सडकको दुबै छेउमा रहेका मानिसहरूलाई अभिवादन गर्नु भयो। उहाँले आफ्ना समर्थकहरूलाई हौसला दिन बारम्बार गुलाबका पंखुडीहरू बर्साउनु भयो। यस समयमा सडकको छेउमा ठूलो भीड जम्मा भयो।रोड शो पछिको भेलालाई सम्बोधन गर्नु हुँदै सांसद अभिषेक बनर्जीले निर्वाचन आयोग र भाजपामाथि कडा आक्रमण गर्नु भयो। उहाँले आरोप लगाउनु भयो, भाजपा र निर्वाचन आयोगले बंगाललाई राजनीतिक र आर्थिक रूपमा कमजोर बनाउन मिलेर काम गरिरहेको छ। उहाँले अन्य राज्यहरूमा बंगाली भाषी अप्रवासी श्रमिकहरूको कथित उत्पीडनको मुद्दा पनि जोडदार रूपमा उठाउनु भयो। उहाँले दाबी गर्नु भयो, तृणमूल कांग्रेस २०२६ मा चौथो पटक सत्तामा फर्कनेछ, र जनताले प्रतिक्रिया दिनेछन्।**

**डा. सुकान्त मजुमदार**

भारतीय जनता पार्टीका केन्द्रीय राज्यमन्त्री डा. सुकान्त मजुमदारको नेतृत्वमा हिजो बाराबानीको गौरंडीमा परिवर्तन संकल्प यात्रा र ऱ्याली आयोजना गरिएको थियो। जिल्ला भाजपा अध्यक्ष देवतानु भट्टाचार्य, अरिजित राई र अन्य भाजपा नेता तथा कार्यकर्ताहरू उपस्थित थिए। ऱ्यालीमा ठूलो संख्यामा भाजपा कार्यकर्ता तथा समर्थकहरू सहभागी थिए। डा. सुकान्त मजुमदारले २०२१ को विधानसभा चुनावपछि यस क्षेत्रमा भाजपाले यति ठूलो कार्यक्रम आयोजना गर्न सफल भएको यो पहिलो पटक भएको बताउनु भएको छ। स्थानीय विधायक, विधान उपाध्याय र असित सिंहका कारण भाजपाले त्यहाँ कुनै पनि ठूला कार्यक्रम आयोजना गर्न सकेन। तैपनि, यहाँका भाजपा कार्यकर्ताहरूले हार मानेका छैनन् र आफ्नो काम जारी राखेका छन्, र आगामी बंगाल विधानसभा चुनावमा यस क्षेत्रबाट तृणमूल कांग्रेसलाई मेटाउने समय आएको छ।

आसनसोल दक्षिणका विधायक अग्निमित्र पाल, केशव पोद्दार, कृष्ण प्रसाद, आशा शर्मा र अन्य भाजपा नेता तथा कार्यकर्ताहरू ऱ्यालीमा उपस्थित थिए।

**पश्चिम बंगालमा भाजपाको नयाँ राज्य कमिटीको घोषणा**

पश्चिम बंगालमा हुने आगामी विधानसभा चुनाउअघि भारतीय जनता पार्टीले आफ्नो संगठनलाई सुदृढ पार्ने दिशामा एक ठूलो कदम चालेको छ। पार्टीले आज औपचारिक रूपमा नयाँ राज्य कमिटीको घोषणा गरेको छ। आगामी चुनावी रणनीतिको लागि यो घोषणालाई महत्त्वपूर्ण मानिन्दैछ। बलियो संगठनले कार्यकर्ताहरूलाई एकताबद्ध गर्न र राम्रो चुनावी प्रदर्शन हासिल गर्नसक्छ भन्ने पार्टी नेतृत्वको विश्वास छ। पार्टीद्वारा जारी अधिसूचना अनुसार, सञ्जय सिंह, राजु ब्यानर्जी, देवश्री चौधरी, अग्निमित्र पल, दीपक बर्मन, जगन्नाथ चट्टोपाध्याय, मनोज टिग्गा, निशीथ प्रमाणिक, तापस रोय, अमिताव रोय, तनुजा चक्रवर्ती र प्रबल राहालाई प्रदेश अध्यक्ष शमिक भट्टाचार्यको टोलीमा प्रदेश उपाध्यक्ष नियुक्त गरिएको छ। संगठनको सञ्चालनलाई सुदृढ पार्न ज्योतिर्मय सिंह महतो, लकेट चटर्जी, सौमित्र खान, बापी गोस्वामी र शशी अग्निहोत्रीलाई प्रदेश महासचिवमा नियुक्त गरिएको छ। यसको साथै धरातलिय स्तरमा संगठनात्मक र राजनीतिक गतिविधिहरूलाई तिखार्न धेरै सचिवहरू पनि नियुक्त गरिएको छ।

**दिनहाटामा भाजपाको सभामा आक्रमणको आरोप**

विधानसभा चुनावको मिति अझै घोषणा गरिएको छैन, तर पश्चिम बंगालको कुचबिहार जिल्लामा राजनीतिक गतिविधि पहिले नै तीव्र भइसकेको छ। यस क्षेत्रमा राजनीतिक प्रभाव कायम राख्ने संघर्षलाई लिएर सत्तारुढ र विपक्षी दलहरूबीच बारम्बार झडप हुने रिपोर्टहरू बाहिर आइरहेका छन्। यस सन्दर्भमा हिजो भारतीय जनता पार्टीले तृणमूल कांग्रेसलाई आफ्नो एक संगठनात्मक बैठकमा आक्रमण गरेको आरोप लगाएको छ। यद्यपि, तृणमूल कांग्रेसले यी आरोपहरूलाई स्पष्ट रूपमा अस्वीकार गरेको छ।

भाजपा स्रोतहरूका अनुसार हिजो दिनहाटाको रथबारी घाटको पेटला क्षेत्रमा विधानसभा स्तरीय संगठनात्मक बैठक आयोजना गरिएको थियो। बैठकको लागि दिवाभोजको पनि व्यवस्था गरिएको थियो। यस समयमा तृणमूल समर्थित असामाजिक तत्वहरूले अचानक आक्रमण गरेको आरोप लगाइएको छ।

**राजगञ्ज ब्लकमा भवाईया संगीत प्रतियोगिता**

पश्चिम बंगाल पछौटे वर्ग कल्याण विभागको पहलमा आज जलपाईगुड़ी जिल्लाको राजगञ्ज ब्लकमा रहेको बेलाकोबा उच्च बालिका विद्यालयमा 37औं राजगञ्ज ब्लक भवाईया संगीत प्रतियोगिताको आयोजन गरियो। प्रतियोगितामा दरिया र चटका दुई श्रेणीमा लगभग 55 जना प्रतिभागीहरूले भाग लिएका थिए। कार्यक्रमको उद्घाटन दीप प्रज्जवलनको माध्यमबाट राजगञ्जका विधायक खगेश्वर राय, डीपीएससीका चेयरम्यान लक्ष्मोहन राय, बीडीओ सौरभ कान्ति मंडलले संयुक्त रूपमा गरे। आयोजकहरू अनुसार प्रतियोगितामा प्रथम र द्वितीय स्थान ओगट्ने प्रतिभागीहरूलाई पुरस्कार प्रदान गरियो। यस अवसरमा राजगञ्ज पञ्चायत समितिका उप सभाधिपति कविता छेत्री शैब, जिल्ला परिषद सदस्य रणबीर मजुमदार, अरिन्दम ब्यनर्जीसहित अन्य गणमान्य मानिसहरू उपस्थित थिए।

**दुर्घटनामा डाक्टरको मृत्यु**

सिलिगुडी महकुमाको खोरीबारीस्थित बुरागञ्जको द्वारबक्स क्षेत्रमा फेरि एकपटक तीव्र गतिको त्रास देखिएको छ। हिजो नक्सलबारी-घोषपुकुर राज्य राजमार्गमा मोटरसाइकलमा सवार एक डाक्टर आउँदै गरेको ट्रकसँग ठोक्किए। दार्जिलिङ सदर अस्पतालका चिकित्सक डा. राजेश मल्लिक दुर्घटनामा गम्भीर घाइते भएका थिए। रिपोर्टका अनुसार, शिवमन्दिरको सालकाभिटा निवासी डा. मल्लिक आफ्नो मोटरसाइकलमा घोषपुकुरतर्फ जाँदै गर्दा आलुले भरिएको ट्रकसँग ठोक्किएर सडकमा खसे। स्थानीयहरूले उनलाई नक्सलबारी ग्रामीण अस्पताल लगे, जहाँबाट उनलाई उत्तर बंगाल मेडिकल कलेज र अस्पतालमा रेफर गरिएको थियो, जहाँ उपचारका क्रममा उनको मृत्यु भयो। घटनाको जानकारी पाएपछि खारीबारी पुलिस थानाबाट पुलिसले घटनास्थलमा पुगेर दुवै सवारी साधनलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ। दुर्घटनाले क्षेत्रमा शोकको वातावरण छाएको छ।

****** ० ******